# दोधारा चाँदनी नगरपालिकाको

# सार्वजनिक सुनुवाई कार्यक्रमको

# प्रतिबेदन

## आ.ब. २०८०/८१

## मिति २०८१ माघ २१ गते

आयोजक:

**दोधारा चाँदनी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**दोधारा चाँदनी कंचनपुर**

परामर्शदाता:

**शुक्लाँफाटा मिडिया प्रा.लि.**

**महेन्द्रनगर, कंचनपुर**

विषय सूची

1. कार्यक्रमको परिचय ..............................................................................२

2. कार्यक्रमको उद्धेश्यः ..............................................................................२

3. समन्वय तथा प्रचार प्रसारः ..............................................................................३

4. सूचना तथा राय संकलनः ..............................................................................३

5. वहिर्गमित अभिमत (Exit Poll) ..............................................................................३

6. नागरिक प्रतिवेदन (Citizen Report Card) भाग- १ .......................................... ...४

7. नागरिक प्रतिवेदन (Citizen Report Card) भाग -२ .............................................६

8. पूर्वाधार तथा सरसफाई सम्बन्धी.....................................................................................७

9. नगरपालिकाका राम्रा कामहरू सुधार गर्नुपर्ने पक्षहरू..................................................१०

10.सार्वजनिक सुनुवाइ कर्यक्रमका चरण .....................................................................१८

11.कार्यक्रमका प्रमुख जवाफदेहीहर ...................................................................... १८

12.सार्वजिनक सुनुवाई कार्यक्रममा सवाल तथा जवाफः .......................................१९

13.हामीले देखेका केही सवल पक्षहरु र सुधार गर्नुपर्ने पक्षहरूः ..............................२१

14.निष्कर्शः..............................................................................................२१

15.अनुसुची : ..............................................................................................२२

## १. कार्यक्रमको परिचय

पृष्ठभुमी

स्थानीय तहहरुले प्रदान गर्ने सेवा सुविधाको सन्दर्भमा स्थानीय तहका पदाधिकारीहरु तथा सरोकारवाला नागरीका बीच सार्वजनिक स्थानमा गरिने खुला छलफल नै सार्वजनिक सुनुवाई हो । यस किसिमको छलफलले शासन सञ्चालनमा पारदर्शिता, नेतृत्वमा जवाफदेहिता र सार्वजनिक चासोका बिषयमा आम नागरीकहरुको सूचनामा पहुँचलाई मजबूत बनाउनुका साथै सार्वजनिक सेवा, वस्तु र निर्णय प्रकृयामा आम नागरीकको सहभागितालाई प्रवद्र्धन गर्दछ । यसबाट सार्वजनिक वस्तु, सेवा र विकास निर्माणका कृयाकलापहरु जनअपेक्षा बमोजिम सञ्चालन गर्ने संस्कारको विकास गर्न समेत टेवा पुग्दछ । सार्वजनिक सुनुवाईले जिम्मेवार पदाधिकारीहरुलाई सार्वजनिक वस्तु, सेवा र सुविधाको बारेमा सेवाग्राहीबाट पृष्ठपोषण प्राप्त गर्ने अवसर प्रदान गरी कमी कमजोरीहरु सच्याउन मद्दत गर्दछ ।

सार्वजनिक सुनुवाईमा सार्वजनिक चासोका बिषयमा जिम्मेवार पदाधिकारी तथा सेवाग्राही बीच प्रश्नोत्तर हुनुका साथै सेवाग्राहीले सार्वजनिक वस्तु, सेवा र सुविधा प्रवाहमा आगामी दिनमा अपेक्षा गरेका सुधारहरु समेत प्रष्फुटित हुने र जिम्मेवार पदाधिकारीहरुबाट उक्त सुधारहरु हासिल गर्ने संभावनाहरुको बारेमा जानकारी प्रदान गर्ने प्रकृयाबाट सुधारका प्रतिवद्धताहरु समेत तयार हुन्छ । यसरी तयार भएको प्रतिवद्धता कार्यान्वयनबाट नै सुधारको अपेक्षा गर्न सकिन्छ । यस प्रकृयालाई ध्यानमा राखि दोधारा चाँदनी नगरपालिका कञ्चनपुरले २०८१ साल माघ २१ गतेका दिन सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रम सहजिकरण शुक्लाफाँटा मिडिया प्रा.लि.ले गरेको थियो ।

शुक्लाफाँटा मिडिया प्रा.लि.ले स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि, २०६७ बमोजिम, सेवा सुविधाको प्राप्ति पछि कार्यालयबाट बाहिर निस्किने सेवाग्राहीको बहिर्गमन अभिमत, सेवा लिंदा प्रत्यक्ष अनुभव गरेका, भोगेका र देखेका कुराहरुलाई उल्लेख गरी पृष्ठपोषण गर्ने नागरीक प्रतिवेदन पत्र भाग १ र भाग २ का साथै नागरीक वडापत्रको आधारमा सार्वजनिक सेवा प्रवाह सम्बन्धी अध्ययन प्रतिवेदन तयार गरि प्रस्तुत गरेको थियो ।

## २. कार्यक्रमको उद्धेश्य

सार्वजनिक सुनुवाई कार्यक्रमको उद्देश्य नागरीक र पालिका बीच दोहोरो सम्वाद स्थापित गरी जवाफदेहिताको संस्कार बसाउने र सार्वजनिक सेवा प्रवाह भरपर्दो र गुणस्तरयुक्त बनाउन नागरीकबाट रचनात्मक सुझाव प्राप्त गर्ने रहेको थियो । बुँदागत रूपमा सार्वजनिक सुनुवाई कार्यक्रमको उद्देश्य यस प्रकार रहेका छन ।

क. सेवाग्राहीले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने

ख. नागरीकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने

ग. जवाफदेहीताको संस्कार बसाउने

घ. पारदर्शिता दर्शाउने

ङ.   सुशासन प्रवद्र्धन गर्ने

## ३. समन्वय तथा प्रचार प्रसार

कार्यालयका कर्मचारी तथा विषयगत शाखाहरुसँग समन्वय बैठक राखि कार्यक्रमको पूर्व तयारी तथा कार्यक्रमको जानकारी गराईको थियो । सार्वजनिक सुनुवाईलाई प्रभावकारी बनाउनका लागि स्थानीय स्तरमा सूचना तथा पत्राचार गरिएको थियो । वडा तथा पालिका तहबाट फोन, एसएमएस तथा सामाजिक संजालहरु मार्फत जानकारी गराईएको थियो ।

## ४. सूचना तथा राय संकलन

हामीले वडा नं. १ देखि १० सम्म प्रत्येक वडामा सामाजिक संन्जाल, सुचना पाटी र वडा कार्यालयको पेजबाट वडामा सार्वजिनक सुनवाइ हुने बारेको स्थान र मिति समेतको सुचना सम्प्रेषण गर्यौ, साथै टेलिफोनबाट समेत वडा सचिव र वडा अध्यक्ष ज्युहरूले खबर गरि उपस्थित हुनु भएका सहभागीहरूको विचमा आर्थिक वर्ष २०८०/०८१को प्रगति प्रतिवेदन सहितको वडाको सार्वजिनक सुनुवाइ कार्यक्रम सम्पन्न गरेका छौ । यसरी सम्पन्न वडाका सार्वजिनक सुनुवाइहरूमा कम्तीमा ३० जना देखि ७७ जना सम्म सहभागीहरू उपस्थित भएका थिए । ती सहभागीहरूलाइ हामीले वहिर्गमित अभिमत (Exit Poll) नागिरक प्रतिवेदन (Citizen Report Card) भाग १ सन्तुष्टी असन्तुष्टी जनाउने र नागिरक प्रतिवेदन (Citizen Report Card) भाग २ का प्रश्नावली सोधेका छौ ।

**<u>दोधारा चाँदनी नगरपालिको आर्थिक वर्ष २०८०/०८१ को सार्वजनिक सुनवाइका लागि वहिर्गमित अभिमत (Exit Poll) नागिरक प्रतिवेदन (Citizen Report Card) भाग १ सन्तुष्टी असन्तुष्टी जनाउने र नागिरक प्रतिवेदन (Citizen Report Card) भाग २ को प्रतिवेदन</u>**

| जम्मा सहभागी | पुरूष | महिला | ब्राहमण | क्षेत्री | दलित | आ.वा.ज.जा. |
|---|---|---|---|---|---|---|
| ४९७ | ३१३ | १८४ | ८५ | २६१ | १०४ | ४७ |

## ५. वहिर्गमित अभिमत (Exit Poll)

सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो?

| अति स्पष्ट | ठीकै | अस्पष्ट |
|---|---|---|
| ८० | २० | ० |

सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?

| अति धैरै | ठीकै | थोर |
|---|---|---|
| ५० | ४४ | ६ |

तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?

| मिलनसार र मैत्रीपूर्ण | ठीकै | अभद्र/अमर्यादित |
|---|---|---|
| ९० | १० | ० |

सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण—कागजात र शुल्क—दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ?

| अति स्पष्ट गरिदिए | ठीकै | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए |
|---|---|---|
| ९० | १० | ० |

तपाईले राख्नुभएका समस्यालाई के—कस्तो समाधान दिए ?

| अति सजिलो तरिकाबाट समाधान दिए | ठीकै | समाधान दिन सकेनन |
|---|---|---|
| ५२ | ४८ | ० |

सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के— कस्तो लाग्यो ?

| अति सजिलो (छोटो) | ठीकै | लामो र झन्झटिलो |
|---|---|---|
| ६० | ४० | ० |

## ६. नागिरक प्रतिवेदन (Citizen Report Card) भाग १

१. सेवाको सन्तुष्टि

१.१ तपाइँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?

सन्तुष्ट ( ६०) ठीकै (४० ) असन्तुष्ट (० )

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट (८० ) ठीकै ( २०) असन्तुष्ट ( ०)

२. सेवाको नियमितता

२.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट (६०) ठीकै (१० ) असन्तुष्ट (०) नागरिक बडा पत्र हेरेकै छैन (३०)

२.२ कार्यालय नियमित रुपमा ( कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता )

सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?

विश्वस्त ( ७०) ठीकै (३०) अविश्वस्त (०)

२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?

तिरेको छैन (१०० ) एकदमै कम ( ०) धेरैतिरेको ( ०)

२.४ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति

दिन लगाउने गरेकोछ ?

१ दिन (७५ ) २ दिन ( २०) धेरैदिन (५ )

३. सेवाप्रतिको जनविश्वास

३.१ यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?

विश्वस्त (८० ) ठीकै ( २०) अविश्वस्त (०)

३.२ यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई

कत्तिको प्रचार गर्नु भएको छ ?

धेरै (४०) ठीकै (३७) गरेको छैन (२३)

३.३ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?

धेरै(८०) ठीकै (२०) विश्वास छैन (०)

३.४ यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?

छ (५०) छैन (४४) अलिअलि थाहा छ (६)

४. सेवाको गुणस्तर

४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट (९० ) कम सन्तुष्ट ( ९) असन्तुष्ट (१)

४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?

आफै (१००) गाउँका ठूलाबडाको (०) मध्यस्थकर्ता (० )

४.३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु प¥यो ?

१ पटक (८२ ) २ पटक (४ ) सो भन्दा वढी ( ०) कामको प्रकिति अनुसार (१४)

**५. सेवा सम्बन्धी जानकारी**

५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?

अति राम्रो (५० ) ठीकै (५०) नराम्रो (० )

५.२ कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाइ जानकारी छ ?

छ (३६ ) आंशिक जानकारी छ (४२ ) कुनै जानकारी छैन (२२)

५.३ कार्यालय र सेवाग्रहरही बीचको सम्बन्ध कस्तो छ ?

अति राम्रो ( ६०) ठीकै (४०) खासै राम्रो छैन ( ०)

५.४ सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ?

२० प्रतिशत जति (३४ ) ५० प्रतिशत भन्दा माथि (४८) थाहा छैन (१८)

५.५ परिषदमा राष्ट्रिय नीति निर्देशिका अनुसार समावेशी प्रकृतिको प्रतिनिधित्व भएको छ?

छ (५०) ठीकै छ ( ३०) प्रतिनिधित्व साह्रै कम छ (० ) थाहा छैन (२०)

**६. नागरिक बडापत्र ⁄ उजुरी पेटिका ⁄गुनासो सुन्ने अधिकारी सम्बन्धमा**

६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?

धेरै (५० ) कम (३८) गरेको छैन (१२ )

६.२ तपाईको विचारमा सेवा प्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?

धेरै ( ५०) ठीकै (३२) अति कम (०) थाहा छैन (१८)

६.३ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?

धेरै भएको छ (० ) ठीकै भएको छ (५०) भएकै छैन ( ०) थाहाछैन (५०)

## ७. नागिरक प्रतिवेदन (Citizen Report Card) भाग २

**१. सिफारिस सम्बन्धी**

१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?

पाएँ (९०) ठीकै पाएँ (१०) स्पष्ट पाइँन (०)

१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु प¥यो?

दिएँ ( ०) थोरै दिएँ ( ०) मागिएन र दिइएन पनि (१०० )

१.३ त्यहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो?

आफैं ( १००) मध्यस्थकर्ता वा कार्यालयकै मान्छे (०) नेता / ठूलाबडा ( ०)

१.४ राजस्व, शुल्क तथा दस्तुर को–कससंग उठाउने गर्दछन्?

सबैसँग कर उठाउँछन्( १००)

सीमित व्यक्ति सँग मात्र कर उठाउँछन् ( ०)

धेरै वक्यौता रहने गरेको छ (०)

थाहा छैन (०)

## ८. पूर्वाधार तथा सरसफाई सम्बन्धी

**तपाइको टोलमा विगतको भन्दा विकास निर्माण राम्रो भएको छ ?**

| विगतको भन्दा राम्रो छ | उस्तै छ | विगतको भन्दा खस्केको छ |
|---|---|---|
| ७० | ३० | |

**तपाइको टोलमा सडक सुविधा पुगेको छ ?**

| पक्की सडक छ | ग्राइभेल सडक छ | कच्ची सडक छ | सडक नै छैन |
|---|---|---|---|
| ६५ | ३० | ३ | २ |

**तपाइको टोलमा खानेपानी को सुविधा छ ?**

| खानेपानी छ | आफ्नै कल, धारा छ | कुलो बाट खान्छु | अर्काको घरबाट खान्छु |
|---|---|---|---|
| ३ | ९७ | ० | ० |

**तपाइको टोलका सिंचाइ सुविधा छ ?**

| नहर छ | बोरिङ छ | अर्काको बोरिङबाट सिचाँइ गर्छु | अकासे पानीको भरमा छु |
|---|---|---|---|
| ० | ६० | ४० | ० |

**तपाइको टोलमा विजुली सुविधा छ ?**

| विजुली छ | विजुली छैन | सोलार प्यानल छ | अरू ? |
|---|---|---|---|
| १०० | | | |

**तपाइको टोलमा स्वास्थ्य सुविधा कस्तो छ ?**

| अस्पताल छ | स्वास्थ्य केन्द्र/ चौकी छ | गाँउघर क्लिनिक छ | केही छैन |
|---|---|---|---|
| ३२ | ५६ | १० | २ |

**तपाइ विरामी भयो भने कहाँ उपचार गराउनु हुन्छ ?**

| स्थानीय अस्पताल, स्वास्थ्य केन्द्र/ चौकी जान्छु | निजी मेडिकलमा जान्छु | भारत/ बाहिरको अस्पताल जान्छु | धामी/झक्री, बैद्द्य कोमा जान्छु |
|---|---|---|---|
| ३४ | २२ | ४४ | ८२ |

२.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?

राम्रो (४१ ) ठीकै (५०) खराब ( ९)

२.२ कार्यालयमा सरसफाइ सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?

तुरुन्तै हुन्छ (३५ ) पटक पटक भनेपछि मात्रै हुन्छ ( ३७) जति भनेपनि हुन्न (२८ )

२.३ तपाईको विचारमा नगरपालिकाले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ?

नियमित र राम्रो संग (३५) ठीकै गर्छ (३७ ) नियमित रुपमा गर्दैन (२८)

२.४ तपाईको नगरपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?

राम्रो ( ५०) ठीकै( ५०) खराब (० )

२.५ सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन्?

प्रभावकारी छन् (६० ) ठीकै छन् (४०) प्रभावकारी छैनन् ( ०)

२.६ योजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ?

सहज (३० ) ठीकै ( ४०) अप्ठयारो (० ) थाहा छैन (३०)

२.७ योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?

पर्दैन (५० ) मागेरै लिन्छन् (०) रकम नदिए अप्ठ्यारो पार्छन् (०) थाहाछैन (५०)

२.८ योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनुभयो ?

सजिलै पाइयो (५०) कहिले काँही पाइयो (४१) माग गर्दा पनि पाइएन (०९)

२.९ विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनुहुन्छ ?

सजिलै पाइन्छ (५०) सोधेपछि पाइन्छ (५०) सोधेपनि पाइदैन (०) सोधेकै छैन (०)

२.१० स्थानीय निकायको आचारसंहिता पालना भएको छ ?

पालना भएको छ ( ५०) ठीकै पालना भएको छ ( ) कत्ति पनि पालना भएको छैन ( ) थाहा छैन (५०)

२.११ योजना सञ्चालन गर्दा नगरपालिका वाट कत्तिको सहयोग पाउनु

भएको छ ?

धैरै सहयोग पाएको छु (२८) ठीकै सहयोग पाएको छु (७२) निरुत्साहित गरिन्छ (०)

**३. यस कार्यालयको तल दिइएका विविध पक्षहरुमा तपाईको अनुभव कस्तो छ ?**

३.१ आर्थिक श्रोत कस्तो छ ?

आवश्यक श्रोत उपलब्ध छ (५०) कम श्रोत उपलब्ध छ (४५) अति कम श्रोत उपलब्ध छ(५)

३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?

अति सरल (५०) ठीकै (५०) जटिल (०)

३.३ कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?

आवश्यक सीप छ (६०) आवश्यकता भन्दा कम छ (४०) सीप निकै कम छ (०)

३.४ नगरपालिकाको आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको वा वेभसाइटमा राखेको देख्नुभयो ?

देखेको छु (४०) कहिले काँही देखिन्छ (२०) देखिएन (४०)

३.५ कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ कि छैन ?

छ (५०) ठीकै मूल्यांकन हुने गरेको छ (५०) कहिले पनि भएको थाहा छैन (०)

३.६ वर्तमान कार्य सञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट (६०) ठीकै (४०) कुनै जानकारी छैन (०)

**४. पारदर्शिता सम्वन्धी**

४.१ नगरपलिकामा अहिलेसम्म यस वर्ष कतिवटा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भए ?

१ वटा (१००) २ वटा ( ) कार्यक्रम बारे कुनै जानकारी नै छैन (०)

४.२ नगरपालिकामा अहिलेसम्म कतिवटा सार्वजनिक परीक्षण कार्यक्रम सम्पन्न भए ?

धेरै ( ) कम ( ) भएकै छैन ( ) जानकारी छैन (१००)

४.३ नगरपालिकामा वार्षिक रुपमा सामाजिक परीक्षण भएको छ ?

भएको छ (४० ) अहिलेसम्म सञ्चालन भएकै छैन( ) कार्यक्रम बारे कुनै जानकारी नै छैन (६०)

४.४ सार्वजनिक सुनुवाइमा गरिएका सार्वजनिक प्रतिबद्धता कत्तिको कार्यान्वयन भएको छ ?

धेरै( १०) ठीकै(९० ) कम ( ०)

४.८ सार्वजनिक सुनुवाइको अनुगमन गर्ने संयन्त्रको विकास भएको छ ?

संयन्त्र बनेको छ ( )कुनै संयन्त्र बनेको छैन (१० ) कुनै जानकारी नै छैनं (९० )

४.९ यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?

धेरै जानकारी पाएको छु (६०) ठीकै जानकारी पाएको छु (४०) कम जानकारी पाएको छु (०)

## ९. नगरपालिकाका राम्रा कामहरू सुधार गर्नुपर्ने पक्षहरू तपसिल अनुसार देखिएका छन ।

**वडा नं. १**

| जम्मा सहभागी | पुरूष | महिला | ब्राह्मण | क्षेत्री | दलित | आ.वा.ज.जा. |
|---|---|---|---|---|---|---|
| ४८ | ३४ | १४ | १९ | २४ | ५ | ० |

**राम्रो काम**

1. महाकाली विद्यालय सुधार
2. खेलकूदमा प्रोत्साहन
3. सडक बत्ती जडान , विद्युत विस्तारमा पहल

**सुझाव तथा गुनासो**

1. विपन्नलाइ अवास,
2. खैरडी टोलमा बोरिङ
3. छाडा गाइगोरू व्यवस्थापन अझ थप प्रभावकारी बनाउनु पर्ने
4. सडकमा राखिएका गिट्टी बालुवा साइड गर्न पहल गर्नुपर्ने
5. पशुपति टेल र डाँडा टोलमा सडक निर्माण
6. महाकालीको ६ लाइन पुलको वारी पट्टी पिच गर्न बाँकी सडक पिच गर्न पर्ने

**प्रश्नकर्ता तथा सुझावदाता**

– शंकर पाण्डेय, भागरथी भट्ट, श्याम प्रसाद भट्ट, हरिशचन्द्र भट्ट

**जवाफदेही** – वडा अध्यक्ष विक्रम बहादुर चन्द

**वडा नं. २**

| जम्मा सहभागी | पुरूष | महिला | ब्राह्मण | क्षेत्री | दलित | आ.वा.ज.जा. |
|---|---|---|---|---|---|---|
| ५३ | ३८ | १५ | १३ | २८ | १२ | ० |

**राम्रो काम**

1. सामाजिक सुरक्षा भत्ता घरघरमै वितरण
2. विद्यार्थीलाइ खेलकूद सामग्री उपलब्ध
3. सडक बत्ती जडान

**सुधार गर्नुपर्ने पक्ष**

1. छाडा गाइगोरू व्यवस्थापन वनमा नगरेर अन्तै गर्नु पर्ने, अझ थप प्रभावकारी बनाउनु पर्ने
2. विद्यालय अनुगमन गर्नुपर्ने
3. खराब भएका बत्ति मर्मत गरिदिनु पर्ने
4. ढल निकासका लागि पहल गर्नुपर्ने
5. आर्थिक रूपमा विपन्न वद्यार्थीहरूको पहिचान गरि समस्या समाधान गरिनुपर्ने **प्रश्नकर्ता तथा सुझावदाता**

– अंगिवर दमाइ, बासुदेव विष्ट, भरतदत्त भट्ट

**जवाफदेही**– वडा अध्यक्ष पदमिसंह रावल

**वडा न. ३**

| जम्मा सहभागी | पुरूष | महिला | ब्राह्मण | क्षेत्री | दलित | आ.वा.ज.जा. |
|---|---|---|---|---|---|---|
| ५७ | ४३ | १४ | १४ | २७ | १२ | ४ |

**राम्रो काम**

1. विष्ट टोलको बाटो निर्माण
2. विद्यालयहरू लाइ सहयोग
3. छाडा चौपाया व्यवस्थापनको प्रयास
4. सडकबत्ती जडान

**सुधार गर्नुपर्ने पक्ष**

1. विद्यालय अनुगमन संगै सरकारी विद्यालको गुणस्तरमा सुधार, निजी विद्यालयको फिसमा मनमौजी छ अनुगमन गरिनुपर्ने
2. निजी विद्यालयका पाठ्य पुस्तक वर्षेनी बदिलइरहने समस्या समाधान गर्न पहल गरिनु पर्ने ।
3. नेउली बजारदेखि जमुना आ.वि. सम्म जाने बाटो ग्राभिल
4. अतिक्रमित सरकारी जग्गा  फिर्ताका लागि पहल गर्नुपर्ने
5. ग्राभिल हालेका धेरै सडकहरूमा पानी नस्कासन गर्न ह्युमपाइप राख्नु पर्ने
6. मलेरिया नालामा बाँध निर्माण गरिनुपर्ने
7. जेगबुडा पारी जाने झोलुंगे पुल मर्मत गरिनुपर्ने
8. नेउली बजारमा राखिएको ट्रान्सफर्मरले काम नगरेका ले परिवर्तन गरिनु पर्ने
9. जोगबुडा पारी हात्तीको समस्या सुधार गरिनु पर्ने

**प्रश्नकर्ता तथा सुझावदाता**

– देवेन्द्र भण्डारी, डम्मरसिंह महता, गोपी ढोली, फागुनी सुनार, गगन खत्री, देव पाल ,सीता बादी

**जवाफ देही**– वडा अध्यक्ष हरिसिंह धनाडी

**वडा नं. ४**

| जम्मा सहभागी | पुरूष | महिला | ब्राह्मण | क्षेत्री | दलित | आ.वा.ज.जा. |
|---|---|---|---|---|---|---|
| ६९ | ३२ | ३७ | ७ | ३९ | १९ | ४ |

**राम्रो पक्ष**

1. सिंचाइ,
2. बाटोघाटो,
3. लाइटको समस्या समाधान,
4. विद्यालयलाइ सहयोग
5. बाटोघाटो राम्रो छ ।

**सुधार गर्नु पर्ने**

1. ढल निकास,
2. थलारा टोलमा डुबानको समस्या
3. विजुलीका तार व्यवस्थापन तथा पोल सार्न पहल गरिदिनु पर्ने
4. पोलहरूका आगोलाग्ने भएकाले विजुलीका तारले छोएका रूखहरू कटान गर्नुपर्ने,
5. चोकहरूमा ठूलो बत्ती जडान गरिनुपर्ने,
6. बर्मा टोलमा केही घरमा विजुली नपुगेको ।
7. शारदा टोलबाट थलारा टोल सम्म सडक वाल निर्माण गर्नुपर्ने,
8. किनारको बाटो ग्राभील र पिच गर्नुपर्ने ।
9. महिला स्वास्थ्य स्वंसेविकाहरूको सेवा सुविधा बृद्धि गराइदिनु पर्ने
10. विपन्नहरूलाइ एक बर्ष सौचालय दिइ सकेपछि फेरी अर्को बर्ष पनि उसैले दिन नहुने ।

**प्रश्नकर्ता तथा सुझावदाता**

कुसलिसंह साउद, गणेश घटाल, युवराज शाहि, नवराज भट्ट, खगेश्वरी थापा मगर, प्रतापसिंह साउद, राजु सुवाल, पृथ्वी शाही, महाविर चन्द

**जवाफदेही वडा अध्यक्ष** भक्तबहादुर सुनार

**वडा नं. ५**

| जम्मा सहभागी | पुरूष | महिला | ब्राह्मण | क्षेत्री | दलित | आ.वा.ज.जा. |
|---|---|---|---|---|---|---|
| ३० | २१ | ९ | ६ | १५ | ७ | २ |

**राम्रो पक्ष**

1. बाटोघाटो निर्माणको कार्य निकै राम्रो
2. अतिक्रमित जग्गा वडा मार्फत ल्याउने कार्य
3. सार्वजनिक सुनवाइ गर्ने काम
4. गरेका कामहरू सामाजिक संजाल मार्फत जानकारी गराउने
5. अफुले पाएको सेवा सुविधा गरीब असहायलाइ वितरण

6. छाडा गाइगोरू नियन्त्रण

**सुधार गर्नपर्ने**

1. इन्द्रा टोलमा बाटोको समस्या
2. सडक बत्ति लगाइदिनु पर्ने
3. बन्तडबाट भट्टी नाला सम्मको बाटो पिच गर्न पहल गरिनु पर्ने
4. इन्द्रावती सामुदायिक वनको समस्या समाधान गर्नुपर्ने

**प्रश्न कर्ता तथा सुझाव दाता हरू**

जानकी देवी साउद, जसु कोली, शुरेश मगर, भवानसिंह विष्ट, मोहन सुनार, कुम्भसिंह धनाडी र दिवान चन्द

**जवाफ देही** वडा अध्यक्ष केशव बहादुर खत्री

**वडा नं. ६**

| जम्मा सहभागी | पुरूष | महिला | ब्राह्मण | क्षेत्री | दलित | आ.वा.ज.जा. |
|---|---|---|---|---|---|---|
| ४८ | ३१ | १७ | ४ | २२ | १० | १२ |

**राम्रो काम**

1. सडक कालोपत्रे,
2. बाटोघाटोको विकास,
3. सिंचाइ बोरिङ,
4. सीपमूलक तालिम,
5. उज्यालो वडा,
6. स्वास्थ्य सेवा राम्रो भएको छ
7. बजेट ल्याउन गरिएको प्रयास धेरै राम्रो ।

**सुधार गर्नुपर्ने**

1. खलागढ टोलमा विजुलीका तारहरू व्यवस्थित गर्नुपर्ने
2. तटबन्ध निर्माण, छाडा चौपायाको पुर्ण व्यवस्थापन,
3. बजारको ढलनिकास व्यवस्थित गर्नुपर्ने । डम्पिङ साइड तोक्नुपर्ने ।
4. विद्‌यालयको गुणस्तर सुधार संगै अनुगमन गरिनु पर्ने
5. जनप्रतिनिधी सरकरी विद्‌यालयका शिक्षकहरूका छोराछेरीहरू सरकारी विद्‌यालयमा पढाउनु पर्ने
6. व्यवस्थित दाह संस्कार घाट बनाउनु पर्ने
7. शब चिश्यान मेसिन ल्याउनु पर्ने

**प्रश्न कर्ता तथा सुझावदाताहरू**

प्रताप चन्द, तेजसिंह विष्ट , विरमा सिंजाली , भीम मानन्धर

**जवाफदेही** वडा अध्यक्ष ऑम बहादुर बस्नेत

**वडा नं. ७**

| जम्मा सहभागी | पुरूष | महिला | ब्राह्मण | क्षेत्री | दलित | आ.वा.ज.जा. |
|---|---|---|---|---|---|---|
| ३६ | २१ | १५ | ७ | १५ | ११ | ३ |

**राम्रो काम**

1. विपन्न बर्गलाइ आवास,
2. बाटोघाटोको समस्या समाधान,
3. सबैसंग समन्वय

**सुधार गर्नुपर्ने**

1. घरमाथीबाट लगिएका विजुलीका तारहरू हटाइदिनु पर्ने ,
2. सिंचाइ बोरिङ वितरण
3. सडकबत्ती जडान,
4. विजुलीको पोल तथा पावरको समस्या समाधान,
5. अपांगता भएका हरू र एकल महिलाको छुट्टाछुट्टै विवरण ल्याउनु पर्ने ।

**प्रश्न कर्ता तथा सुझावदाताहरू**

भीमबहादुर ठकुरी, माया पुन, चित्रबहादुर थापा, गणेशदत्त त्रिपाठी

**जवाफदेही** वडा अध्यक्ष ज्ञानेन्द्र बहेक क्षेत्री

**वडा नं. ८**

| जम्मा सहभागी | पुरूष | महिला | ब्राह्मण | क्षेत्री | दलित | आ.वा.ज.जा. |
|---|---|---|---|---|---|---|
| ७७ | ४१ | ३६ | ३ | ५५ | ४ | १५ |

**राम्रो काम**

1. सुन्दरनगर जोड्ने झोलुंगे पुल बनेकोले सुविधा भएको,
2. बाटोघाटो स्तरोन्नती,

3. सडकबत्ती जडान,
4. विद्यालयलाइ सहयोग,
5. विगतको भन्दा स्वास्थ्य सेवामा सुधार,
6. कृषकहरूलाइ सहयोग,
7. समस्या परेको बेला जनप्रतिनिधी जतिबेलापनि आउने गरेको ।

**सुधार गर्नुपर्ने**

1. शशस्त्र प्रहरीको व्यवहार सुधारका लागि पहल गरिदिनु पर्ने (सीमामा नगएर घरभित्रबाट समान लैजाने कार्य हुने गरेको )
2. वडा सदस्य अनुपस्थित भएर पनि सेवा सुविधा लिइरहेको
3. स्वास्थ्य विमा कार्यक्रम प्रभावकारी रूपमा लागु गर्नुपर्ने
4. पचभैया घर निर्माणका लागि पहल गर्नुपर्ने, सुन्दरनगरमा तटबन्ध निर्माण, योजना निर्माण गर्दा जनप्रतिनिधीहरूले टोलटोलमा छलफल गर्नुपर्ने ।
5. जग्गा धनीपुर्जाका लागिपहल गरिदिनु पर्ने
6. घरेलु रक्सी बनाउने कार्य नियन्त्रण गर्नुपर्ने
7. जनप्रतिनिधी सरकरी विद्यालयका शिक्षकहरूका छोराछेरीहरू सरकारी विद्यालयमा पढाउनु पर्ने

**प्रश्न कर्ता तथा सुझाव दाताहरू**

तमानसिंह गुरूङ, मुक्तिनाथ पुन मगर ,रमेश बहादुर रोकाया, कमला भण्डारी खड्का, हरिशंकर रोकाया, नरेश खड्का, टिकादेवी मगर

**जवाफदेही** , वडा अध्यक्ष औम प्रकाश रोकाया

**वडा नं. ९**

| जम्मा सहभागी | पुरूष | महिला | ब्राह्मण | क्षेत्री | दलित | आ.वा.ज.जा. |
|---|---|---|---|---|---|---|
| ३६ | २२ | १४ | ८ | १५ | १० | ३ |

**राम्रो काम**

1. सुचना प्रवाह गर्ने कार्य निकै राम्रो,
2. हरेक कार्यत्रममा सबैको सहभागिता गराउने कार्य,
3. बाटोघाटो,
4. सडक बत्ती,
5. बोरिङ,

6. विद्यालयलाइ सहयोग,
7. जेष्ठ नागरिकलाइ सम्मान

**सुधार गर्नुपर्ने**

1. वडा कायार्लय निर्माणका लागि पहल गर्नुपर्ने,
2. बाटो पिच गर्नुपर्ने,
3. विपन्न तथा गरीबका लागि सीपमूलक तालिमको व्यवस्था,
4. चोक, चोक तथा टोल टोलमा बत्तीको व्यवस्था,
5. बजेटको प्रभावकारिताका लागि अनुगमन गर्नुपर्ने ।

**प्रश्न कर्ता तथा सुझावदाताहरू**

दिपक चन्द,नारायण प्र शर्मा, पदम बहादुर रावत

**जवाफ देही** वडा अध्यक्ष गोपिलाल कंडेल

**वडा नं. १०**

| जम्मा सहभागी | पुरूष | महिला | ब्राह्मण | क्षेत्री | दलित | आ.वा.ज.जा. |
|---|---|---|---|---|---|---|
| ४४ | ३० | १४ | ५ | २१ | १४ | ४ |

**राम्रो काम**

1. छाडा चौपाया व्यवस्थापन,
2. बाटोघाटो र विजुली ,
3. कुतियाकभरमा ग्राइविल,
4. महाकाली ढीकमा बन्दा लगाउने काम,
5. सेफ हाउस निर्माण,
6. स्वास्थ्यकेन्द्र स्थापना,

**सुधार गर्नपर्ने**

1. कुतियाकभर जोड्ने झोलुंगे पुलको वारी र पारी बल्ब जडान,
2. जंगली जनावरको अतंक न्युनिकरणाका लागी पहल,
3. डुबान र पटानको स्थायी समाधानका लागि पहल,
4. अरक्षभित्रबाट बाटो खोलि, ग्राइविल उठाउन पहल गरिदिनुपर्ने,
5. कुतियाकभरको सीमा क्षेत्रमा सडक बत्ती जडान गर्नुपर्ने , झोलंगेपुल मर्मत गरिनु पर्ने ।
6. धामी टोलमा सडकबत्ती र ह्युमपाइपको बन्दोबस्त गर्नु पर्ने

7. जोगबुढा नदीको कटानको समस्या समाधानका लागि पहल गरिनु पर्ने
8. रावत टोलमा ९ ९ र १० को सीमाको बाटो कहिले बन्छ र धेरै बर्ष अगाडी गाडिएका पोलहरूमा तारहरू कहिले जडान गर्ने ।

**प्रश्नकर्ता तथा सुझावदाता**

धनबहादुर बुढा, दानबहादुर मगर, खेमराज रावत, मीन बहादुर सिंह, गुट्टी धामी, टेकबहादुर सुनार, जग्गु सुनार, खड्के बुडा, कौशल्या रेग्मी

**जवाफदेही** वडा अध्यक्ष चन्द्र बहादुर सिंह

## १०। सार्वजनिक सुनुवाइ कर्यक्रमका चरण

सार्वजनिक सुनुवाइ कर्यक्रम ३ चरणमा गरिएको थियो । जस अन्तरगत

पहिलो चरणमा आशन ग्रहण, स्वागत र वहिर्गमित अभिमत (Exit Poll) नागिरक प्रतिवेदन (Citizen Report Card) भाग १ सन्तुष्टी असन्तुष्टी जनाउने र नागिरक प्रतिवेदन (Citizen Report Card) भाग २ को प्रतिवेदन प्रस्तुत गरिएको थियो ।

दोश्रो चरणमा प्रमुख प्रशासकीय अधिकृत गणेशदत्त मिश्रले दोधारा चाँदनी नगरपालिकाको आ.ब.२०८०/८१ को प्रगतिप्रतिबेदन पेश गर्नु गरिएको थियो र

तेश्रो चरणमा सहभागीहरू र पालिका पदाधिकारीहरूबा विच प्रश्नोत्तर शुरू गरिएको थियो

यसरी वडा स्तरबाट नागरिकहरूको सुझाव सहितको वहिर्गमित अभिमत (Exit Poll) नागिरक प्रतिवेदन (Citizen Report Card) भाग १ सन्तुष्टी असन्तुष्टी जनाउने र नागिरक प्रतिवेदन (Citizen Report Card) भाग २ को प्रतिवेदन तयार गरिसकेपछि मिति २०८१ साल माघ २१ गतेका दिन दोधारा चाँदनी नगरपालिकाको प्राङ्गणमा सावर्जिनक सुनुवाइ कार्यक्रम सम्पन्न गरिएको छ ।

नगरप्रमुख किशोर कुमार लिम्बुको अध्यक्षतामा गरिएको सार्वजनिक सुनुवाइ कार्यक्रममा नगरपालिका उप प्रमुख गंगा देवी जोशी, सबैवडाका वडाध्यक्षहरू, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत विभिन्न शाखा प्रमुखहरुका साथै स्थानीय गरेर १०० भन्दा बढीको उपस्थिति थियो।

## ११। कार्क्रमका प्रमुख जवाफदेहीहरू

नगर प्रमुख किशोरकुमार लिम्बु

उप प्रमुख गंगादेवी जोशी

प्रमुख प्रशासकीय अधिकृत गणेशदत्त मिश्र

जवाफदेहीहरू

वडा अध्यक्ष १ विक्रमबहादुर चन्द, २ पदमसिंह रावल, ३ हरिसंह धनाडी, ४ भक्तबहादुर सुनार, ५ केशबबहादुर खत्री, ६ ऒमबहादुर बस्नेत, ७ ज्ञानेन्द्र सिंह बहेक क्षेत्री, ८ ऒम प्रकाश रोकाया, ९ गोपीलाल कंडेल र १० चन्द्र बहादुर सिंह

## १२। सार्वजिनक सुनुवाई कार्यक्रममा सवाल तथा जवाफ

तपसील बमोजिमका सहभागीहरू प्रश्न गरेका थिए भने तपसील अनुसार पालिका पदाधिकारीहरूले जवाफ दिएका थिए ।

| क्र.सं. | प्रश्नकर्ताको नाम | सोधिएको प्रश्न | जवाफदेही | प्रश्नको संक्षिप्त जवाफ |
|---|---|---|---|---|
| १ | पुरन कुमाल | गृह मन्त्रालयले रोडकर नउठाने भनेको भएपनि यहाँ का उठाइदैछ ? | नगर प्रमुख किशोर कुमार लिम्बु | संघीय सडकका सन्दर्भमा मात्र गृहले भनेको हो,स्थानीय सडकमा स्थानीय सरकारको क्षेत्राधिकार भएकाले उठाइएको हो |
| २ | दिपक बम | सार्वजनिक स्थलका लागि कति सार्वजनिक जग्गा छोड्नु पर्दछ | नगर प्रमुख किशोर कुमार लिम्बु | यसको कुनै मापदण्ड छैन, |
| ३ | टेकबहादुर सुनार | कुतियाकभरमा तटबन्ध निर्माणका लागि के पहल भइरहेको छ ? | नगर प्रमुख किशोर कुमार लिम्बु | स्रंघ, प्रदेश र विभिन्न संघसंस्थाहरू संग पनि पहल गरिएको छ । यो बर्ष केही निर्माण हुन्छ । |
| ४ | किशोर आग्री | फोहोर मैला व्यवस्थापनका लागी के पहल भइरहेको छ ? | नगर प्रमुख किशोर कुमार लिम्बु | व्यवस्थापनका लागि घुम्ती साधन प्रयोग गरिएको छ र अब अगामी बर्ष डम्पिङ साइड निर्माण गरिदै छ । |
| ५ | अमरबहादुर वि.क. | स्थानीय पाठ्यक्रम कक्षा ८ को मात्र निर्माण भयो अरूको किन भएन ? शिक्षाको गुणस्तर सुधारका लागी के गरिदै छ ? | नगर प्रमुख किशोर कुमार लिम्बु | श्रोत अभावका कारणले ८ कक्षा बाहेक अरू किताब छाप्न सकिएन अब यो बर्ष छपाइ हुन्छ, शिक्षाको गुणस्तर सुधारका लागि शिक्षा समिति गठन गरिएको छ यसको सुझावका अधारमा गुणस्तर सुधारको पहल गरिनेछ । |

| | | | | |
|---|---|---|---|---|
| ६ | लोकेन्द्रबहादुर चन्द | निशुल्क एम्बुलेन्स सेवा कहिलेदेखि शुरू हुन्छ ?<br>गौरादेवी मन्दिरका लागि छुट्याइएको १ लाख बजेट अन्त किन खर्च भयो ? | नगर उपप्रमुख गंगादेवी जोशी<br><br>वडा नं. ५ का अध्यक्ष केशव ब. खत्री | निशुल्क एम्बुलेन्स सुत्केरी महिलाका लागि भनिएको हो, नगरपालिकाको श्रोतले दुइतर्फी भाडा दिन नसकिने भएकाले अब छिटै एकतर्फी शुरू गर्दैछौ ।<br>गौरादेवी मन्दिर संरक्षण उपभोक्ता समिति गठन गर्न पटक पटक अग्रह गर्दा पनि कसैले चाँसो नदिएका कारण अर्को सार्वजनिक स्थलमा सिसि क्यामेरा जडान गरिएको हो , हामी गर्छौ भनेर कोही आएमा फेरी बजेट बिनियोजन हुन्छ । |
| ७ | प्रकाश चन्द | सडकमा ढुंगा फालेका कारण कसैको दुर्घटना भएमा को जिम्मेवार हुन्छ ? | नगर प्रमुख किशोर कुमार लिम्बु | कसैले सडकमा समान थुपारेका कारणले दुर्घटना वा क्षति भएमा सम्बन्धित समान धनिले क्षतिपुर्ति व्यहोर्ने गरि इलाका प्रहरी कार्यालयमा निर्णय गरेका छौ । |
| ८ | तमान बहादुर गुरूङ | १. वडा नं. १ मा नर्माणाधीन भ्युटावर किन रोकियो?<br>२. तपाइ निर्वाचित भएपछि के के कुरामा सुधार गर्नु भएको छ ?<br>३. वडा नं. ३ मा क्रेसर उद्द्योग खुल्न लागेको कुरा के हो ?<br>४. कृषि तथा भेटेरेनरी शाखा ३ तलामाथी किन ? | नगर प्रमुख किशोर कुमार लिम्बु<br><br>प्रमुख प्रशासकीय अधिकृत गणेश दत्त मिश्र<br><br>कृष्णसिंह साँउद | १. वडा नं. १ मा नर्माणाधीन भ्युटावर छिटो निर्माणका लागि सम्बन्धित निर्माण व्यवसायी लाइ ताकेता गरिएको छ , अब निर्माण नगरे अन्य कानूनी उपचारमा जान्छौ ,<br>२. म निर्वाचित भइ सकेपछि शिक्षा, स्वस्थ्य देखि लिएर विकास निर्माणमा समेत फड्को मारेको छ , सबै कुरा अहले यो कार्यक्रममा भन्न सयम अभाव छ, हाम्रो निती तथा कार्यक्रम हेर्दा पनि थाहा पाइहाल्नु हुन्छ ।<br>३. वडा नं. ३ मा क्रेसर उद्योग खोल्न निवेदन आएको छ , |

| | | | | |
|---|---|---|---|---|
| | | | पशु विकास अधिकृत | मापदण्ड पुरा गरि आएमा अनुमति दिइनेछ ।<br>४. भवन निर्माण नभएका कारण कार्यपालिका भवन कै तेश्रो तलामा राखेका छौ अव छिटै वडा नं. ४ र वडा ७ गरि दुइ स्थानबाट सेवा दिने तयारी हुदैछ । |

## १३. हामीले देखेका केही राम्रा तथा अनकरणीय कामहरू

1. कर्मचारीहरूको व्यवहार
2. जनप्रतिनधी प्रतिको विश्वास
3. अतिरिक्त रकम कँही कतै माग नगरिएको
4. छाडा गाइगोरूहरूको नियन्त्रण
5. बाटोघाटोको विकास
6. सिंचाइका लागि बोरिङ

सुधार गर्नुपर्ने ।

1. जग्गा नापी तथा पुर्जा वितरण
2. वडा कार्यालयहरूको निर्माण
3. विजुलीको पावर वढाउन पहल
4. सरकारी विद्द्यालयको गुणस्तर सुधारका लागि प्रधावकारी अनुगमन र जनप्रतिनिधी तथा सरकारी विद्ध्यालयका शिक्षक शिक्षिकाहरूका छोराछोरी सरकारी विद्द्यालयमा भर्ना
5. जोगबुढा तथा महाकाली नदीको समस्या समाधानका लागि पहल

## १४। निष्कर्शः

यसरी सार्वजनिक सुनुवाइ कार्यक्रममा उपस्थित नागरिक, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिले गुणस्तरिय स्वास्थ्य सेवा, शिक्षामा सुधार, र बाटो कालोपत्रे बनाउने आवश्यकता, कृषिमा अनुदान, मल बीउ उपलब्ध गराउनुपर्ने लगायतका महत्वपूर्ण सुझाव समेत दिएका थिए। स्वास्थ्य सेवामा सुधार गर्दै गुणस्तरीय उपचार सेवा प्रदान गर्नुपर्ने, शिक्षामा सुधार गरेर गुणस्तरीय शिक्षा व्यवस्था गर्ने, र मुख्य सडकहरु कालोपत्रे बनाउने माग सहभागीहरुले गरेका थिए ।

कार्यक्रमका सहभागीहरूलाइ धन्यबाद दिदै नगरप्रमुख किशोर कुमार लिम्बुले हरेक योजनाको बारेमा आम नगरबासिहरु लाई जानकारी दिने र जनमानसमा बाट आएका गुनासाहरु लाई सम्बोधन हुनेगरी आगामी वर्षको बजेट तर्जुमा गर्न सहज हुने उदेश्यले प्रत्येक वर्ष नगरपालिकाले सार्वजनिक सुनुवाइ कार्यक्रम गरिरहेको बताए ।


नगरपालिकाले गरेरहेका कामको पारदर्शी गर्नाले जनता सहज रुपमा जानकार रहने र भैरहेका विकासका काम बारे विश्वस्त हुने हुँदा सार्वजनिक सुनुवाइ कार्यक्रम गर्नु महत्त्वपूर्ण रहेको बताउनुभयो । नगर प्रमुख लिम्बूले नगरपालिकाको भावी कार्ययोजनामा समावेश गरेर सेवा र सुविधामा सुधार ल्याउने प्रतिबद्धता समेत व्यक्त गरेका थिए ।

**धन्यबाद**

# १५। अनुसुची







दोधारा चाँदनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दोधारा चाँदनी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या: २०८१/०८२
च.नं.

**सार्वजनिक सुनुवाई सम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति : २०८१/१०/२०)

योजना तर्जुमा, विकास निर्माण तथा सेवा प्रवाहलाई पारदर्शी, गुणस्तरीय र प्रभावकारी बनाउदै सुशासन कायम गर्न दोधारा चाँदनी नगरपालिकाद्वारा आ.व. २०८०।८१ मा सम्पन्न विकास निर्माण, सामाजिक, आर्थिक विकास तथा सेवा प्रवाह लगायतका विषयमा सरोकारवाला तथा नगरवासीहरुको जिज्ञासा, गुनासा, प्रतिकिया तथा सुझाव लिनका लागि देहायको मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिने भएकोले उक्त कार्यक्रममा उपस्थित भई सेवा प्रवाह सम्वन्धमा आफ्नो जिज्ञासा, गुनासा, प्रतिकिया राख्नु हुन तथा नगरपालिकालाई सल्लाह, सुझाव दिनु हुन राजनीतिक दल, सरोकारवाला तथा नगरवासी महानुभावहरुमा आदेशानुसार हार्दिक अनुरोध गरिन्छ ।

सार्वजनिक सुनुवाई सम्वन्धी कार्यक्रम:
मितिः २०८१ माघ २१
समयः दिउसो २:०० बजे
स्थानः दोधारा चाँदनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, कञ्चनपुर ।

नि. प्रमुख प्रशासकीय अधिकृत

Website:- dodharachandanimun.gov.np
E-mail:- info@dodharachandanimun.gov.np
099:400184



जनसरोकार पोष्ट

२०८१ माघ २४

**दोधारा चाँदनी नगरपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न**

शंकरदत्त अबस्थी/विरसिंह ऐर
महेन्द्रनगर, २३ माघ

सुशासन, पारदर्शिता र जवाफदेहिताका लागि दोधारा चाँदनी नगरपालिका ले आर्थिक वर्ष २०८०/०८१को सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरेको छ ।

नगरपालिकामा वर्षभरि सञ्चालन भएका योजना तथा कार्यक्रम र आय व्ययको सार्वजनिक सुनुवाइ गरेको हो । सोमबार नगरपालिकाको सभा हलमा नगरपालिकाको आयोजना र [illegible] मिडिया पालिको सहजिकरणमा नगरपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभावकारिता सम्बन्धी सार्वजनिक सुनुवाइ सम्पन्न भएको हो । यस्तो कार्यक्रमको प्रतिवेदन प्रस्तुतिकरण नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेश दत्त मिश्रले गरेका थिए । सार्वजनिक सुनुवाइमा उपस्थित नागरिक, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिले नगरपालिकाको बजेट तथा सेवा प्रवाहका विषयमा प्रश्न गरेका थिए ।

सहभागीहरुले गुणस्तरिय स्वास्थ्य सेवा, शिक्षामा सुधार, र बाटो कालोपत्रे बनाउने आवश्यकता, कृषिमा अनुदान, मल बीउ उपलब्ध गराउनुपर्ने लगायतका महत्वपूर्ण सवालहरु उठाएका थिए । स्वास्थ्य सेवामा सुधार गर्दै गुणस्तरीय उपचार सेवा प्रदान गर्नुपर्ने, शिक्षामा सुधार गरेर गुणस्तरीय शिक्षा व्यवस्था गर्ने, र मुख्य सडकहरु कालोपत्रे बनाउने माग सहभागीहरुले गरेका थिए । सेवा प्रवाहका विषयमा उठेका प्रश्नहरुको जवाफ नगर प्रमुख किशोर कुमार लिम्बूले दिएका थिए । हरेक योजनाको बारेमा आम नगर बासीहरुलाई जानकारी दिने र जनमानसबाट आएका गुनासाहरुलाई सम्बोधन हुनेगरी आगामी वर्षको बजेट तर्जुमा गर्न सहज हुने उदेश्यले प्रत्येक वर्ष नगरपालिकाले सार्वजनिक सुनुवाइ कार्यक्रम गरिरहेको नगर प्रमुख [illegible] बताए ।

नगरपालिकाले गरेरहेका कामको पारदर्शी गर्नाले जनता सहज रुपमा जानकार रहने र भैरहेका विकासका काम बारे विश्वस्त हुने हुँदा सार्वजनिक सुनुवाइ कार्यक्रम गर्नु महत्वपूर्ण रहेको बताउनुभयो । नगर प्रमुख लिम्बूले नगरपालिकाको भावी कार्ययोजनामा समावेश गरेर सेवा र सुविधामा सुधार ल्याउने प्रतिबद्धता व्यक्त गरेका थिए । यस्तो सुनुवाइ कार्यक्रमले जनताको आवाज सुनिने र उनीहरुको समस्याको समाधान गरिने विश्वास दिलाएको छ । सुनुवाइ कार्यक्रममा झण्डै १ सय जना स्थानियहरुको सहभागीता रहेको थियो । जसमा नगर पालिका उप प्रमुख गंगा जोशी, वडाध्यक्ष लगायत नगरपालिकाका विभिन्न शाखा, प्रमुखहरुको पनि उपस्थिति थियो ।

त्रिकाल ज्योतिष केन्द्र
हाम्रो यहाँ ज्योतिष सम्बन्धी एवं धार्मिक यज्ञ,

बृहत जलाधार
महाकाली, पाटन
- बैज्ञानिक तरिकाले भु
- जङ्गल, जमिन, जडिबु




सार्वजनिक सेवाको पारदर्शिता तथा गुणस्तरीयताको लागि
दोधराचाँदनी नगरपालिका


६नं.वडा कार्यालय


सार्वजनिक सुनुवाई कार्यक्रम


सार्वजनिक सुनुवाई कार्यक्रम


सार्वजनिक सेवाको पारदर्शिता तथा गुणस्तरीयताको लागि


सार्वजनिक सेवाको पारदर्शिता तथा गुणस्तरीयताको लागि
सार्वजनिक सुनुवाई कार्यक्रम
वडा नं.: ७
आयोजक:
दोधराचाँदनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दोधराचाँदनी, कञ्चनपुर


सार्वजनिक सुनुवाई कार्यक्रम
स्थानः दोधराचाँदनी नगरपालिका
वडा नं.: ८




सार्वजनिक सुनुवाई कार्यक्रम
स्थानः दोधराचाँदनी नगरपालिका





आज मिति २०८१ साल माघ २१ गते भए दोधारा चाँदनी नगर पालिकाको आ०व० २०८०।०८१ को सम्पन्न विकास निर्माण, सामाजिक, आर्थिक विकास तथा सेवा प्रवाह लगायतका विषयमा सार्वजनिक सुनुवाई कार्यक्रम श्री शुक्लाफाँटा मिडिया प्रा०लि० महेन्द्रनगर सँगको समन्वयमा नगर प्रमुख श्री किशोर कुमार लिम्बु ज्यूको अध्यक्षतामा सम्पन्न भयो।

(१) श्री किशोर कुमार लिम्बु, नगर प्रमुख
(२) श्री गंगादेवी जोशी, नगर उपप्रमुख
(३) श्री विक्रम चन्द, वडा अध्यक्ष वडा नं. १
(४) श्री पदम सिंह रावल ,, २
(५) श्री हरिसिंह धनाडी ,, ३
(६) श्री भक्त बहादुर सुनार ,, ४
(७) श्री केशव बहादुर खत्री ,, ५
(८) श्री ओम बहादुर बस्नेत ,, ६
(९) श्री शैलेन्द्र बं० बहेक क्षेत्री ,, ७
(१०) श्री ओम प्रकाश रोकाया ,, ८
(११) श्री गोपीलाल कँडेल ,, ९
(१२) श्री चन्द्र बहादुर सिंह ,, १०
(१३) श्री गणेश दत्त मिश्र, प्र०प्र०अधिकृत
(१४) श्री कमला उपाध्याय वडा सदस्य - 6
(१५) ,, सन्दीप उपाध्याय वडा सदस्य - 6
(१६) ,, मनोज भट्ट - आकाशकुसुम दैनिक
(१७) ,, विर सिंह ऐर जनसरोकार पोष्ट
(१८) ,, भागरथी भट्ट वडा नं १
(१९) ,, विष्णु अवस्थी
(२०) ,, शंकर दत्त अवस्थी
(२१) ,, रमेश सिंह भण्डारी
(२२) ,, पदम ब राना मगर
(२३) ,, पुष्प गुरुङ
(२४) ,, मनोज प्र भट्ट आकाशकुसुम दैनिक
(२५) ,, विर सिंह ऐर जनसरोकार पोष्ट
(२६) ,, देवेन्द्र [illegible] [illegible]
(२७) ,, पुस्कर बहादुर थापा मगर
(२८) ,, पुस्पा पाण्डेय

२९) भागरथी भट्ट
३०) शान्ती भट्ट
३१ चन्द्रिका भट्ट
३२ दीपक चन्द
३३ महेश नेपाली शुक्लाफाँटा मिडिया
३४ प्रेम बहादुर लामिछाने मगर
३५ रुद्र बं० दर्लामी मगर
३६ टेक ब. सुनार
३७ टेकलाल जोशी
३८ ममता सुनार
३९ मोनिका सुनार
४० किशोर आगरी
४१ अमर ब० विष्ट
४२ शंकर चन्द
४३ मान बहादुर कुँवर
४४ मनोज भट्ट, दो०चा०न०पा०
४५ कमल ध्वज अवस्थी ,,
४६ दिपेन्द्र राज भट्ट ,,
४७ कृष्ण सिंह साउद ,,
४८ कमलापति भट्ट ,,
४९ जोगेन्द्र साउद ,,
५० भुपाल सिंह साउद ,,
५१ आनन्द प्रसाद भट्ट ,,
५२ टेक बहादुर रावत
५३ रक्षक रावल
५४ सुरेश सिंह साउद
५५ ललित कुमार विष्ट
५६ सुरेन्द्र राना दो०चा०न०पा० १०
५७ प्रकाश सुनार ,, ४
५८ मोहन सिंह सुनार
५९ राजु जोशी दो०चाँ०न०
६० प्रकाश पन्त दो०चा० नपा का०
६१ जय बहादुर महरा ,, ,,

६२ पदम बहादुर सिंह दोधारा
६३ दिवान चन्द दो०चा०न०पा०८
६४ पूजा विष्ट दो०चा०न०पा०
६५ ऐश्वर्या कुँवर मीना एकसाथपुर
६६ दिनेश बम्बं
६७ पुरन कुमाल दोधारा २
६८ दिल ब० सुनार दो०चा० 6
६९ प्रदिप सुनार ,, ,, ९
७० तमान सिंह गुरुङ दो०चा० ८
७१ प्रकाश दत्त भट्ट दो०चाँ० ३
७२ विकास शुक्ल दो०चा०न०पा० ७
७३ लोकेन्द्र बा चन्द दो०चाँ० ३
७४ गोकर्ण प्र. लामिछाने दो०चाँ० ९
७५ जुपेन्द्र हमाल ,, ,, १०
७६ नरेश भण्डारी दो०चाँ०न०पा०
७७ सुरेश भट्ट दोधारा [illegible]
७८ प्रकाश विष्ट कर्णाली
७९ निर्मल चन्द दो०चा०न०पा०६
८० वीर ब० कुँवर दो०चाँ
८१ अशोक चन्द ,, ,,
८२ प्राहुन चन्द ,, ,,
८३ विनोद चौधरी ,, ,,
८४ राम सी.इ. रावत ,, ,,



**धन्यबाद**

**प्रतिवेदक**

**विष्णुदत्त अवस्थी**

**संचालक शुक्लाफाँटा मिडिया प्रा.लि.**